# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ७ मरिण, कार्तिक ९ गते, २०८१ साल संख्या ५

## भाग २

## मरिण गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः**

लोककल्याणकारी राज्यको अवधारणा अनुरुप आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिक एवं प्रकोप पीडितका लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानुन बनाउन बाञ्छनीय भएकोले मरिण गाउँ कार्यपालिकाले मरिण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम " मरिण गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मरिण गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले मरिण गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले गरिबीको रेखामुनी रहेको भनि सिफारिस भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी, पक्षघात एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक वा गैरप्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) "प्राकृतिक बिपद्" भन्नाले अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भु-स्खलन, डुवान, खँडेरी, असिना, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै बिपद् सम्झनु पर्छ ।

(ङ) "गैरप्राकृतिक बिपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट बा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावार आतङ्क, खानी, हवाई, सडक जल वा औधोगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

(च) "न्यायिक समिति" भन्नाले मरिण गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा समिति" भन्नाले मरिण गाउँपालिका अन्तर्गतको वडा समिति सम्झनु पर्दछ ।

(ञ) "वडाध्यक्ष" भन्नाले मरिण गाउँपालिका अन्तर्गतका वडा समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः-** (१) आर्थिक सहायता पाउन योग्य विपन्न दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टीकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात वा वडा कार्यालयको सिफारिस पत्र, अस्पतालको रिपोर्ट लगायतका कागजातलाई बुझ्नु पर्दछ ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. ५०,०००।-(पचास हजार) सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः-** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुर्नस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायताः-** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित दुर्घटनामा परेको प्राकृतिक प्रकोपमा परेको बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको हिंसा पीडित, बाबुआमा वा संरक्षकबाट वञ्चित, अपांगता वा सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको वेवारिसे बालबालिकास एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रू.१०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि वाल उद्धार गृहको संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

६. **आर्थिक रुपले विपन्न अशक्त व्यक्तिलाई सहायताः-** आर्थिक रुपले विपन्न, सुकुम्वासी, परिवारका सदस्यले बेवास्ता गरेका, वृद्ध, रोगी एवं अशक्त नागरिकलाई औषधोपचार गर्न रू. ५,०००/- (पाँच हजार) देखि २५,०००/-(पच्चीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

७. **प्रकोप पिडितलाई आर्थिक सहायता:-** (१) प्राकृतिक तथा गैरप्राकृतिक कारणबाट सिर्जित प्रकोपबाट पिडित आर्थिक रुपले विपन्न परिवारलाई तत्कालिन राहत र पुनस्र्थापनाको लागि रू. २५,०००/- (पच्चीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

८. **ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक संघसंस्था एवं संस्कृति संरक्षणको लागि सहायता:** (१) मठ मन्दिर, गुम्वा, मस्जिद, चर्च लगायतका धार्मिक महत्वका स्थल एवं संघसंस्था, ऐतिहासिक महत्वका स्थल एवं संघसंस्था र परम्परा देखि चलिआएको संस्कृति संरक्षणको लागि रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

९. **अन्य समाज सुधारक व्यक्ति तथा संघसंस्थालाई सहायता:** (१) समाज सेवाद्वारा सामाजिक सुधारमा महत्वपूर्ण योगदान दिएका ख्यातिप्राप्त व्यक्ति तथा संस्थाले सहयोग माग गरेमा त्यस्ता व्यक्ति वा संघसंस्थालाई समाज सेवामा निरन्तर लाग्न प्रेरित गर्न समाजमा गरेको योगदानको आधारमा रु.१०,०००।- (दश हजार) देखि १५,०००/-(पन्ध्र हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

१०. **आर्थिक सहायता प्रदान गर्न सक्ने अधिकारी सम्वन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम आर्थिक सहायता प्रदान गर्दा रु. २५,०००।- (पच्चीस हजार) सम्मको आर्थिक सहायता गाउँपालिकाका अध्यक्षको निर्णयबाट प्रदान गर्न सकिनेछ । सो भन्दा वढी आर्थिक सहायत रकम कार्यपालिकाको निर्णयबाट मात्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वडास्तरीय वजेट तथा कार्यक्रममा आर्थिक सहायताको लागि वजेटको व्यवस्था भएकोमा रु. १०,०००।- (दश हजार) सम्मको आर्थिक सहायता सम्वन्धित वडाको वडा समितिको निर्णयानुसार प्रदान गर्न सकिनेछ । तर सो भन्दा वढी आर्थिक सहायता रकम कार्यपालिकाको निर्णयबाट मात्र प्रदान गरिनेछ ।

(३) गाउँपालिकाद्धारा सञ्चालित वा खेलकुद गा.पा.को स्वीकृतिमा सञ्चालन भएको खेलकुद कार्यक्रममा कुनै पनि व्यक्ति घाइते खेलको क्रममा चोटपटक शारिरिक रुपमा अंगभंग भई अशक्त भएमा कार्यपालिकाबाट निर्णय गरी रु. २०,०००/- सम्म उपचार स्वरुप आर्थिक सहायता दिन सकिनेछ ।

## परिच्छेद- ३

## विविध

११. **निवेदनको ढाँचाः-** दफा ३, ४, ५, ६, ७, ८ र ९ अनुसार सहायता पाउन अनुसूची-१ तथा अनुसूची-२ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१२. **आकस्मीक कोषः-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक वा गैरप्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुनस्र्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछः

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको नाममा छुट्टै खाता नखोलेसम्म गाउँपालिकाको चालु खाताबाट नै कोषमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यस्तो कोषमा वडा समितिले समेत वजेट विनियोजन गर्न सक्नेछ । वडा समितिको निर्णयबाट प्रदान गरिने आर्थिक सहायता रकम सम्वन्धित वडाको विनियोजित वजेटबाट उपलव्ध गराइनेछ ।

(५) आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. यस अघि कार्यान्वयनामा आएको यसै कार्यक्रम सँग सम्बन्धित मरिण गाउँपालिकाको "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६" खारेज गरिएको छ ।

१४. बाधा अड्काउ फुकाउनेः यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. बचाउः यस कार्यविधि लागू हुनु अगावै कार्यान्वयनमा रहेको मरिण गाउँपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम भएका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यो कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

मरिण गाउँपालिका

अनुसूची-१

(दफा ११ सँग सम्बन्धित)

मितिः-

श्रीमान् अध्यक्षज्यू,
मरिण गाउँपालिका,
कपिलाकोट, सिन्धुली ।

विषयः- उपचारको लागि आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी ......................................रोगले ग्रसित भई .......................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरि दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.....................को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. ...................................

मरिण गाउँपालिका

अनुसूची-२

(दफा ११ सँग सम्बन्धित)

मितिः-

श्रीमान् अध्यक्षज्यू,
मरिण गाउँपालिका,
कपिलाकोट, सिन्धुली ।

विषयः- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी ...................................................... कारणले समस्यामा परेको र गाउँपालिकाको मापदण्ड वमोजिम आर्थिक सहायता पाउन योग्य भएकोले .............................. को लागि नियमानुसार आर्थिक सहायता उपलव्ध गराईदिनु हुन अनरोध गर्दछु/गर्दछौ । साथै निवेदन साथ तपसिलका कागजातहरु संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................को प्रतिलिपि

३. सर्जमिन मुचुल्का

४. ..........................................

आज्ञाले
विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

मरिण गाउँपालिका